जि.स.का.दा.नं. १८/०५१/०५२

दर्ता मिति : २०५१/१०/१७

# सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## ३२ औं वार्षिक साधारण सभा प्रतिवेदन





# ३२ औं वार्षिक साधारण सभा प्रतिवेदन-२०८३

२०८३ असोज १७ गते, शनिबार

ने.स. ११४६ ञला गाः सप्तमी, शनिबाः

3rd Oct., 2026, Saturday

"सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश"

# सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS
A-one Competitive Choice for Excellence in Service & Soundness
BRONZE
Certified By
ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS


भक्तपुर नगरपालिका वडा नं. ७, चोर्चा, भक्तपुर

Email: sgsaccos@hotmail.com
sgsaccos@gmail.com
Website: www.sgsaccos.com.np

फोन नं.: ६६१३२०१, ६६२१२०१, ६६२१२०३, ६६२१२०४
सेवा केन्द्र - यातु गणेश : ६६१९५४०, तेखापुखु : ६६२१२००
स्वास्थ्य क्लिनिक : ६६२१२०५

# संस्थाको खँचा स्थित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू




- **दैनिक रूपमा डाक्टरबाट स्वास्थ्य परिक्षण र उपचार सेवा** : सोमबार देखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- **फिजियोथेरापी सेवा** सोमबार देखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- **डेन्टल सेवा:** सोमबार देखि शनिबार बिहान ९:०० देखि २:०० बजेसम्म
- **मुटुरोग सम्बन्धी सेवा** प्रत्येक बिहीबार बिहान ८:०० देखि ९:०० बजेसम्म
- **डा. रत्न सुन्दर लासिवाबाट स्वास्थ्य परिक्षण सेवा** : प्रत्येक शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म

# स्वास्थ्य बचत



- ६0 वर्ष ननाघेका सदस्यहरूले बचत गर्न पाउने ।
- मासिक रू. १,000।- सम्म बचत गर्न पाउने ।
- औषधि उपचारका लागि रू.५00।- बाँकी राखी रकम झिक्न सकिने ।
- रू.१0,000।- सम्मको दुर्घटना उपचार खर्च पाइने । सदस्यको निधन भएमा संस्थागत राहत रकमसहित रू.४५,000।- सदस्यको परिवारलाई दिइने ।
- रू.30 हजार ३ महिनाका लागि निर्ब्याजी स्वास्थ्य उपचार ऋण उपलब्ध हुने ।
- दुर्घटना भएको १५ दिनभित्र अनिवार्य रूपमा लिखित जानकारी र 30 दिनभित्र सक्कल विल सहित निवदेन दिनुपर्ने ।












दर्ता नं.: १८/०५१/०५२

स्था.ले.नं.: ३०१३७२२३३

"सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश"

# सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS BRONZE

चोर्चा, भक्तपुर नगरपालिका-७, भक्तपुर

पत्र संख्या : ०८३/०८४ मिति : २०८३/०५/१६ गते

च.न. : १०२

श्री शेयर सदस्य ज्यू,

## विषय : ३२औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे

यस संस्थाको **३२औं वार्षिक साधारण सभा** कार्यक्रम देहायका बिषयहरुमा छलफल तथा निर्णयहरु गर्न **मिति २०८३/६/१७ गते, शनिबार दिउँसो १:०० बजे महेश्वरी बैंक्वेट, थुसाँचामा** आयोजना गरिने हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरुलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू:**

१. आ.व.२०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व.२०८२/०८३ को आय-व्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व.२०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व.२०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व.२०८३/०८४ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारण सभाको माइन्युट प्रमाणिकरण ।

**नोट:**

१. मिति २०८३/०६/१६ गते शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरु) र सिद्धि गणेश तालिम हल, खँचामा (सदस्य नं.८००१ देखि माथिका सदस्यहरु) उपस्थिति तथा सुझाव पुस्तिका खुल्ला रहने हुँदा सदस्यहरुले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनुहोला ।
२. मिति २०८३/०६/१७ गते शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैंक्वेट) सभा स्थलमा उपस्थिति खुल्ला रहने हुँदा सदस्यहरुले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनुहोला ।
३. संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च बापत् रु.४७१।- (करकट्टी पछि रु.४००) प्रदान गर्ने हुँदा सदस्यहरुले आ-आफ्नो परिचय-पत्र सहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

Siddhi Ganesh Saving & Credit Co-operative Society Ltd.
Chorcha, Bhaktapur Municipality-7, Bhaktapur, Nepal
Phone : 6621201, 6613201, 6621203, 6621204
Service Center (Yatu Ganesh-6619540, Tekhapukhu-6621200),
Health Clinic-6621205
Website : www.sgsaccos.com.np, E-mail: sgsaccos@hotmail.com

# अध्यक्षको सन्देश



**रूद्र नारायण लाखा**
अध्यक्ष

आजको यस ३२औँ साधारण सभामा उपस्थित सञ्चालक समितिका साथीहरू, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समिति, व्यवस्थापनका मित्रहरु तथा सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

सदस्य तथा समाजको आर्थिक, सामाजिक, सांस्कृतिक उन्नतिका लागि 'एकका लागि सबै, सबैका लागि एक' भन्ने मूल नारालाई आत्मसात गर्दै स्थापना भएको यस संस्थाले ३२औँ साधारण सभामा वार्षिक कार्यक्रमको समीक्षा तथा आगामी वर्षमा संस्थाले गर्ने कार्यक्रम बारेमा छलफल गर्ने छौँ ।

सहकारीको मूल मर्म सदस्यहरूको आर्थिक समृद्धि, आत्मनिर्भरता र सामाजिक उत्तरदायित्व हो भन्ने मान्यतालाई आत्मसात गर्दै सदस्यहरूको आवश्यकता, अपेक्षालाई मनन गरी सरल र गुणस्तरीय सेवा दिन निरन्तर प्रयासरत छौँ ।

सदस्यहरूको आर्थिक क्षमता अभिवृद्धि गर्न संस्थाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरी स्व-रोजगारीका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ ।

संस्था सहकारी मूल्य, मान्यता, सिद्धान्त, आर्थिक पारदर्शिता र इमानदारितालाई मार्गनिर्देशक रूपमा लिई अगाडि बढिरहेको छ ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा धेरै परिवर्तन भएको सबैमा अवगतै छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना, नेपाल राष्ट्र बैङ्कले समेत सहकारीमा अनुगमन गर्ने अधिकार, नियामक निकायबाट पनि विभिन्न निर्देशन तथा मापदण्डहरू जारी गरिएको छ । संशोधित ऐन, नियमावली, नीति, निर्देशनहरू, मापदण्ड र सूचनाहरूको परिपालन गरी संस्थालाई अगाडि बढाइरहेको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशनलाई पनि पालना गरी विभिन्न कार्यविधि, नीतिलाई संशोधन गरी सोही बमोजिम आवश्यक विवरण तथा प्रतिवेदन माथिल्लो निकायमा पेस गरिएको छ । साथै सदस्यहरूलाई जोखिमको आधारमा वर्गीकरण गरिएको छ ।

वर्तमान अवस्थामा सामाजिक दायित्वलाई बिर्सेर व्यक्तिगत रूपमा नाफा कमाउने उद्देश्यले स्थापित संस्थाहरूले गर्दा सहकारी संस्थाप्रति अविश्वास बढ्दै गएको अवस्था छ ।

ऐन नियमलाई पूर्ण पालना गर्न कठीन हुनु, नियमन निकायबाट जारी गरिएका निर्देशनहरू बाझिनु लगायत नियमन निकायबाट समयमा अनुगमन गर्न नसक्नुले असल अभ्यास गरिरहेका संस्थालाई सदस्यले हेर्ने दृष्टिकोण नकारात्मक भएको स्थिति छ । यस्तो समयमा पनि यस संस्थाले सदस्यलाई मासिक रूपमा शिक्षा/शिविर सञ्चालन गरी सदस्य अन्तरक्रिया गर्दै आएको छ । असल अभ्यास गरिरहेका संस्थाहरूको अध्ययन, अवलोकन गरी ऐन, नियमावलीमा परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको छ ।

संस्थाले समय र परिस्थितिअनुसार प्रविधिमार्फत सदस्यहरूलाई सेवा दिँदै आएको छ ।

अन्त्यमा, उपस्थित सम्पूर्ण महानुभावहरूलाई विजया दशमी, तिहार तथा छठपर्वको अवसरमा शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ! जय सहकारी !!

# व्यवस्थापकको प्रतिवद्धता



**शिला गोसाईं**
व्यवस्थापक

बचत तथा ऋणको कारोबार गर्ने मुख्य उद्देश्य भए तापनि स्वास्थ्यसम्बन्धी, कृषिसम्बन्धी, विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिमहरू, क्षमता अभिवृद्धिका तालिमहरूलगायत विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आएको विदितै छ । अहिले समय प्रविधिको समय हो र बजारमा वित्तीय सेवा प्रदान गर्ने संस्थाहरू पनि धेरै रहेको अवस्था छ । प्रविधिलाई आत्मसात गर्न सकिएन भने प्रतिस्पर्धी बजारमा टिक्न गाह्रो हुन्छ । त्यसमाथि कानुनको परिपालना अनिवार्य नै छ । संस्था सञ्चालन गर्न मात्र नभई सदस्यहरूलाई समेत प्रविधि र कानुनी साक्षरता दिनुपर्ने आजको आवश्यकता देखिन्छ । संस्थाले प्रविधिमार्फत कारोबार गराउन सिद्धि गणेश मोबाइल बैङ्किङ् सुविधा सञ्चालनमा ल्याएको धेरै वर्ष भए तापनि सो सेवा उपभोग गर्ने सदस्य सङ्ख्या न्यून नै रहेको छ । प्रविधि प्रयोगका केही कमजोरी पक्षहरू छन् तर यति भन्दैमा प्रयोग नै गर्नु हुन्न भन्ने सोच विकास गर्नु गलत हुनेछ । प्रविधि प्रयोग गर्दा केही सावधानी भने पक्कै अपनाउनुपर्ने हुन्छ । प्रविधिको प्रयोगबाट समय बचत गर्न सकिने मात्र नभई आफूलाई परिवर्तित परिवेशसँगै अनुकूल बनाउनु पनि हो । शेयर सदस्य महानुभावहरूलाई संस्थाको मोबाइल बैङ्किङ् प्रयोग गर्नुहुन अनुरोध गर्दछु ।

भविष्यका लागि आज बचत गर्ने बानी विकास गर्ने हेतुले स्थापनाकालदेखि नै नियमित बचत अनिवार्य गर्नुपर्ने अन्यथा नियमित नभएमा जरिवाना लाग्ने संस्थाको नियम रहेको छ । विगतका घटनालाई स्मरण गर्ने हो भने भुकम्प, नाकाबन्दी, कोभिडको समयमा नियमित बचत फिर्ता धेरै भएको संस्थाको वित्तीय विवरणले प्रस्ट देखाउँछ । त्यसैले बचतको शक्तिलाई महसुस गरी यी घटनाहरू भविष्यमा आउने सम्भावना रहेकोले न्यूनतम ६ महिनाको घर खर्च धान्न सक्ने बराबरको रकम बचत गर्नुहुन विशेष अनुरोध गर्दछु । साथै संस्थाका सम्पूर्ण सदस्यहरूले सदस्यता पहिचान फारम अद्यावधिक गरी सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संस्थालाई जारी गरिएको निर्देशन पालना गराउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दछु । कतिपय सदस्यहरूलाई परिवारको कुन व्यक्तिलाई आफ्नो हकवाला राखिएको हो सोबारे जानकारी नभएको पाइएको हुनाले सदस्यता पहिचान फारम अद्यावधिक गर्ने समयमा हकवाला कसलाई मनोनयन गरिएको हो सो विषयमा पनि सुनिश्चित हुन अनुरोध गर्दछु ।

हाल सहकारी क्षेत्रमा निर्देशनको लगातार वर्षा भइरहेको छ । कतिपय निर्देशनले संस्था सञ्चालनमा कठिनाइ मात्र नभई सदस्यहरूको साविकको सेवा सुविधाबाट समेत वञ्चित गर्नुपर्ने अवस्था सिर्जना भएको छ । विभिन्न सामाजिक सञ्जालबाट सदस्यहरूले निर्देशित भएका कानुनहरूको बारेमा जानकारी रहेको अनुमान लगाउन सकिन्छ । सुशासन, पारदर्शिता, इमानदारिता नभएका कतिपय सहकारीहरू समस्याग्रत अवस्था छन् । सदस्यहरूले कुन सहकारी राम्रा र कुन नराम्रा हुन भन्ने छुट्याउन सक्ने क्षमता रहेको महसुस भएको छ । यसको ज्वलन्त उदाहरण हो सहकारीमा सदस्यता बृद्धि हुनु र न्यूनतम ब्याजदर कायम हुँदा पनि बचत बृद्धि भइरहनु । सदस्यको विश्वास जित्न सक्नु नै व्यवस्थापनको ठूलो उपलब्धि हो । सोही विश्वास आगामी दिनमा पनि निरन्तरता रहने विश्वासका साथ व्यवस्थापन सदैव क्रियाशील रहनेछ ।

# आ.व. २०८२/०८३ को प्रगति तथा आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम



**विष्णु प्रसाद दुमरू**
सचिव

यस संस्थाको ३२औँ वार्षिक साधारण सभाका अध्यक्षज्यू, सञ्चालकज्यूहरू, लेखा समिति, संस्थापकज्यूहरू, उपसमितिका साथीहरू र सम्पूर्ण सदस्यहरूमा अभिवादन व्यक्त गर्दछु । आज सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२औँ वार्षिक साधारण सभाको दौरानमा आइपुग्दा सहकारी क्षेत्रमा कैयौँ घटनाहरू हामीले हेर्यौं । सहकारीको केन्द्रीय सङ्घलाई प्रतिस्पर्धीको रूपमा हेर्ने कतिपय सहकारीहरू आज दुलोभित्र पसेका छन् । सहकारीको कानुन हातमा लिएका उच्चपदस्थ व्यक्तिहरू जेलको बासमा छन् । सहकारी ऐन र विनियमले समुदायमा आधारित सहकारीलाई समेत शङ्काको घेरामा राखिएको छ । सहकारी ऐन २०७४, २०८१ र २०८३ मा दिएको निर्देशित निर्देशिकालाई अझ कसिलो बनाउन खोजिएको छ । सहकारी क्षेत्रमा आएको चुनौतीको सामना गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ । सहकारी सञ्चालनकै दौरानमा देशमा २०७२ सालको भूकम्प, २०७६ सालको कोभिड (महामारी रोग), जस्ता अनेकौँ घटना हामीले सामना गर्यौं । २०८२ मा सिंहदरबार जलाउँदा पनि सैनिक मूकदर्शक बन्यो । २०८३ भदौ १० मा हिमपहिरोजस्ता घटनाले पनि ठुलो क्षति पुर्‍यायो । ती घटनाहरूबिच पनि सहकारी सदस्यहरूको सेवामा तल्लीन रह्यो । सहकारी संस्थाहरूको विकृति, बिसङ्गतिबिच यस संस्थाले सदस्यहरूलाई बिनासङ्कोच सेवा दिइरहेको अवगतै छ । यो संस्थागत नीति, नियमले नै सेवा गर्न सकेको हो । यो संस्था व्यक्तिको चाहना र इच्छालाई प्राथमिकता नराखी अगाडि बढिरहेको छ । सहकारीका आफ्नै ऐन, नियम र कार्यविधिमा रही संस्था अगाडि बढ्न सकेमा सहकारीका अनुमानित योजनाहरू सफलता पाउन सकिनेमा कुनै दुविधा नहुनेमा विश्वस्त छु । समयअनुसारको प्राविधिक व्यवस्थापन, संस्थागत सोच तथा व्यवहारलाई आत्मसात गर्दै जानु समयको आवश्यकता हो । सोही सोच र विचारसहितको नयाँ नेतृत्वको खाँचो छ । विजया दशमी, स्वन्ति तथा छठ पर्वको शुभकामना व्यक्त गर्दछु । साथै रसुवाको भोटेकोसी नदीमा आएको हिलो बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकजनप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । अब म आ.व २०८२/०८३ को प्रगति प्रतिवेदन यस सभामा पेस गर्दछु ।

**१) ३१औँ वार्षिक साधारणसभा (क्षेत्रगत) सम्पन्न**

- २०८२ असोज ४ गते संस्थाको ३१औँ वार्षिक साधारण सभा(क्षेत्रगत) राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२ भदौ १७ गतेको साधारण सभा सञ्चालनसम्बन्धी निर्देशनबमोजिम कार्यक्रम सम्पन्न गरियो ।
- संस्थाको ३१औँ वार्षिक साधारण सभा (क्षेत्रगत) देहायको बमोजिम एउटै कार्य सूची अनुसार सम्पन्न गरियो ।

| क्षेत्रहरू | सभा स्थल | सभापतित्व |
|---|---|---|
| क्षेत्र नं. १ र २ | अजिमा पार्टी महल, बाराही स्थान, भक्तपुर | अध्यक्ष, रूद्र नारायण लाखा |
| क्षेत्र नं. ५ र ६ | महेश्वरी बैङ्क्वेट, थुँसाचा, भक्तपुर | उपाध्यक्ष, बिष्णु राम दुमरू |
| क्षेत्र नं. ३ र ४ | स्टार बैङ्क्वेट, कमलविनायक, भक्तपुर | सचिव, विष्णु प्रसाद दुमरू |

साधारण सभाबाट वार्षिक प्रतिवेदनहरु पारित गर्नुका साथै आ.व. २०८२/०८३ का लागि बाह्य लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोकियो ।

- साधारणसभामा संस्थाका कुल सदस्य १७४०६ मध्ये १४२६५, (८१.९५ प्रतिशत) सदस्यहरूको उत्साहजनक उपस्थिति रह्यो ।

सभाबाट आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन तथा आ.व. २०८२/०८३ का लागि प्रस्तावित कार्यक्रमहरु, अनुमानित बजेट र लेखापरीक्षक नियुक्ति, विनिमय संशोधन, नीति तथा कार्यविधि अनुमोदन प्रस्तावहरु पारित गरियो ।

### २) संस्थाको सदस्यता तथा वित्तीय अवस्था

गत आ.व. २०८१/०८२ मा महिला ९१९८, पुरूष ८०८८, संस्थागत २ गरी कुल १७२८८ जना साधारण सदस्य तथा ३४८० बाल बचतकर्ता रहेकोमा आ.व. २०८२/०८३ मा यस संस्थामा महिला ९२९६, पुरूष ८१६६ र संस्थागत २ गरी कुल १७४६४ जना साधारण सदस्य तथा ३५५३ जना बाल बचतकर्ताहरु रहेका छन् । पेसागत, उमेर समूह, क्षेत्रगत आदिका आधारमा वर्गीकरण गरिएको सदस्य विवरण अनुसूची-१ मा प्रकाशित गरिएको छ । संस्थाका सदस्यहरूबाट सङ्कलित शेयर तथा बचत रकम र विभिन्न कोषहरूबाट निम्नानुसार वित्तीय अवस्था कायम रहेको सभामा जानकारी गराउन चाहन्छु । साथै विस्तृत वित्तीय विवरणका लागि कोषाध्यक्षको प्रतिवेदन हेर्नुहुन पनि अनुरोध गर्दछु -

क) शेयर पुँजी - रू. २५,३६,४६,७००।-
ख) बचत तथा निक्षेप - रू. २,६९,५८,८७,४४७।-
ग) जगेडा कोष - रू. ३०,४७,४३,६०३।-
घ) संरक्षित पुँजी फिर्ता कोष - रू. १,४०,५४,०६०।-
ङ) सहकारी प्रवर्द्धन कोष - रू. २,८१,०८१।-
च) अन्य कोषहरु - रू. ४,१८,८१,०९८।-
छ) सदस्य ऋण लगानी - रू. १,९१,६७,५७,९६८।-
ज) कुल सम्पत्ति - रू. ३,३४,२७,०९,५५३।-

### ३) संस्थाको ३२ औं स्थापना दिवस आयोजना

- पुस २९ गते भक्तपुर नगरपालिकाका प्रमुख एवं नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्य, भ.न.पा ७ वडाका अध्यक्ष उकेश कवांको आतिथ्य, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का अध्यक्ष हरि बल्लको आतिथ्य, भक्तपुर नगरपालिकाका नगर सहकारी शाखाका हरिप्रसाद बासुकलाको आतिथ्य र संस्थाका अध्यक्ष रूद्रनारायण लाखाको सभापतित्वमा संस्थाका समिति, उपसमिति, संस्थापक सदस्यहरु, मानार्थ तथा प्रतिष्ठित सदस्य र कर्मचारीहरूको

उपस्थितिमा संस्थाको ३२औँ स्थापना दिवस मनाइयो । सोही दिन साँझ संस्थाको कार्यालय भवन, सिद्धि गणेश मन्दिरमा दीप प्रज्वलन गरियो । सो अवसरमा संस्थामा २५ वर्ष अनवरत सेवा गरेका ऋण अधिकृत श्री राजेश लाखाजुलाई प्रमुख अतिथिद्वारा सम्मान गरिएको थियो । स्थापना दिवसकै अवसरमा उपसमितिहरूबाट देहायअनुसारका कार्यक्रमहरू आयोजना गरिएको जानकारी गराउन चाहन्छु ।

- ३२औँ स्थापना दिवसको अवसरमा सम्पन्न कार्यक्रमहरू

| मिति | कार्यक्रम | आयोजक |
|---|---|---|
| पुस ५ | मानसिक रोगसम्बन्धी परामर्श तथा निःशुल्क सुगर र रक्तचाप परिक्षण | यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति |
| पुस १० | बचत र ए.आई सम्बन्धी जानकारीमूलक कार्यक्रम | बचत उपसमिति |
| पुस १० | गुडपाक, पुस्तकारी र सुत्केरी मसला बनाउने तालिम | सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु |
| पुस १२ | अन्तर सहकारी/विद्यालय हाजिरीजवाफ प्रतियोगिता | शिक्षा उपसमिति |
| पुस १३ | एकहप्ते पिठोको परिकार सम्बन्धी पाक शिक्षा तालिम | लघुवित्त तथा बचत समूह परिचालन उपसमिति |
| पुस १४ | एकहप्ते पुतली बनाउने तालिम | महिला तथा बालबालिका उपसमिति |
| पुस १५ | ऋणी तथा सदस्यहरूलाई संस्थाको परिवर्तित ऋण नीति सम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम | ऋण उपसमिति |
| पुस १८ | खुला फिडे रेपिड रेटिङ्ग २००० मुनी बुद्धिचाल प्रतियोगिता | युवा उपसमिति |
| पुस २३ | वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिम | सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति |
| पुस २५ | मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम | सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति |
| पुस २६ | मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा निःशुल्क थाइरोइड परीक्षण | स्वास्थ्य उपसमिति |

**४) कार्यालय व्यवस्थापन**

४.१ हाल संस्थामा निम्नानुसारको दरबन्दी कायम रहेको छ । त्यसमध्ये २२ जना स्थायी कर्मचारी छन् भने १४ जना कर्मचारी करारमा कार्यरत छन् ।

| | | |
|---|---|---|
| व्यवस्थापक : १ | अधिकृत : ३ | वरिष्ठ कार्यालय सहायक : २ |
| कार्यालय सहायक : ६ | प्राविधिक कार्यालय सहायक : १ | सहायक : ९ |
| वरिष्ठ कार्यालय सहयोगी : १ | कार्यालय सहयोगी : ३ | दिवा सुरक्षा गार्ड : ३ |
| रात्रिकालीन सुरक्षा गार्ड : २ | बजार प्रतिनिधि : ५ | |

४.२ संस्थाका मानव संसाधनहरूको क्षमता अभिवृद्धिका लागि बजेट विनियोजन गरी समय समयमा देहायका तालिमहरूमा सहभागिता जनाइएको थियो ।

| क्र.स | मिति | कार्यक्रमको नाम | कार्यक्रमको आयोजना गर्ने संस्था | सहभागीताको नाम |
|---|---|---|---|---|
| १ | २०८२।०९।१६ गतेदेखि १९ | आधारभूत सहकारी तालिम ४ दिन | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | निर्मल त्वाती, कृष्टीना कोजु |
| २ | २०८२।१०।०६ | पुँजी पर्याप्तता अनुपात CAR-Capital Adequancy Ratio | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | सुमित्रा खाइजु |
| ३ | २०८२।१०।२५ | ऋण असुलीसम्बन्धी कानुनी प्रक्रिया तालिम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | रामेश्वर लाखा, सरिता लालुवा |
| ४ | २०८३।०१।२३ | सहकारीमा कर व्यवस्थापन तालिम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | मनिता लाखा |
| ५ | २०८३।०२।२४ | कोपोमिस तालिम | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | सरु सितिखु |

### ५) सदस्यता खारेजी

आ.व. २०८२/०८३ मा ६१ जना सदस्यको असामयिक निधनका कारण सदस्यता खारेजी भएको छ भने १२२ जना सदस्यले दोहोरो सदस्यता र अन्य कारणले स्वेच्छिक सदस्यता खारेज गरेका छन् ।

### ६) चौधौं विनियम संशोधन

यस संस्थाको ३१औं वार्षिक साधारण सभामा पेस गरिएको संस्थाको विनियम संशोधन प्रस्तावमध्ये १६, २०, २२ (क), (ख), ३२, ३६, ५३ख, ५३.३, ६७ र ७० गरी जम्मा १० वटा दफा तथा उपदफाहरु बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयबाट मिति २०८२/१२/०५ मा संशोधन गरी लागू गरिएको छ ।

### ७) चारवर्षे व्यवसायिक योजनामा संशोधन

संस्थाको चारवर्षे व्यवसायिक योजनामा आ.व. २०८३/०८४ मा सदस्य सङ्ख्या १८३०० र कुल सम्पत्ति ४ अर्ब ३० करोड बनाउने योजना रहेकोमा सञ्चालक समितिको मिति २०८३/०२/३० गते बसेको बैठकबाट आ.व. २०८३/०८४ मा सदस्य सङ्ख्या १७७०० र कुल सम्पत्ति ३ अर्ब ५५ करोड हुने गरी चारवर्षे व्यवसायिक योजना संशोधन गरिएको छ ।

### ८) समिति उपसमितिका गतिविधिहरू

संस्थाको विनियम तथा नीतिअनुसार आवश्यक निर्णयहरु गरी सदस्यहरूलाई प्रभावकारी सेवा प्रदान गर्न यस संस्थाको सञ्चालक समितिको आ.व. २०८२/०८३ मा ३५ पटक बैठक बसेको छ । यस समितिअन्तर्गत गठन भएका उपसमितिहरुद्वारा आ.व. २०८२/०८३ मा आयोजना गरिएका कार्यक्रमहरूको अनुसूची २ मा प्रकाशित गरिएको छ ।

### ९) तालिम, गोष्ठी कार्यक्रमको आयोजना तथा सहभागिता

आ.व. २०८२/०८३ मा संस्थाबाट देहायका कार्यक्रम तथा तालिममा सहभागी भएका छन् ।

| मिति | कार्यक्रमको नाम | कार्यक्रमको आयोजना गर्ने संस्था | सहभागीको नाम |
|---|---|---|---|
| २०८२।०४।२ | सहकारी संस्थाको विगत र वर्तमान | भक्तपुर नगरपालिका | रूद्र नारायण लाखा, बिष्णु राम दुमरू |
| २०८२।०४।३१ | ३८औँ स्थापना दिवस | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | बिष्णु राम दुमरू, शिला गोसाई |
| २०८२।०७।२२ | २९औँ स्थापना दिवस | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. | बिष्णु राम दुमरू |
| २०८२।०८।०६ | २२औँ वार्षिक साधारण सभा | राष्ट्रिय सहकारी बैङ्क लि. | रूद्र नारायण लाखा |
| २०८२।०९।०३ र ४ गते | साकोस गोष्ठी | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | रूद्र नारायण लाखा, शिला गोसाई |
| २०८२।०९।०४ | ३४औँ वार्षिक साधारण सभा | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | बिष्णु राम दुमरू |
| २०८२।०९।११ | सहकारीसम्बन्धी प्रवचन कार्यक्रम | सहकारी अध्ययन समाज नेपाल | रूद्र नारायण लाखा, विष्णु प्रसाद दुमरू |
| २०८२।०९।२० | २१औँ वार्षिक साधारण सभा | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | रूद्र नारायण लाखा |
| २०८२।०९।२१ | साकोस जोखिम व्यवस्थापन ३६० कार्यशाला | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | बिष्णु राम दुमरू, शिला गोसाई |
| २०८२।०६।३१ | नेपाल संवत् ११४६ न्हुदँको उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा वर्तमान सहकारी समस्या र समाधान अन्तरक्रिया कार्यक्रम | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | रूद्र नारायण लाखा, शिला गोसाई |
| २०८२।१०।१४ | 2nd National Cooperative Youth Tech Conclave 2082 | राष्ट्रिय सहकारी महासङ्घ लि. | जयराम गोर्खाली |
| २०८२।१२।१६ | परिवर्तित कानुनी वातावरणमा नियमित तथा अनुगमन सुदृढीकरणसम्बन्धी परामर्श गोष्ठी | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. | बिष्णु राम दुमरू |
| २०८२।१२।१९ | ६९औँ राष्ट्रिय सहकारी दिवस | राष्ट्रिय सहकारी महासङ्घ लि. | विष्णु प्रसाद दुमरू |
| २०८२।१२।२० | ६९औँ राष्ट्रिय सहकारी दिवसको कार्यक्रम | भक्तपुर नगरपालिका | रूद्र नारायण लाखा, चन्द्रप्रसाद दुमरू |
| २०८२।१२।२८ | नव वर्ष २०८३ तथा बिस्काःजात्राको शुभकामना आदान प्रदान कार्यक्रम | सहकारी अध्ययन समाज नेपाल | रूद्र नारायण लाखा, विष्णु प्रसाद दुमरू |

| | | | |
|---|---|---|---|
| २०८३।०१।३१ | २२औँ स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | रूद्र नारायण लाखा |
| २०८२।०२।४ देखि ९ गते | Strategic Leadership in Cooperatives | IFFCO (Indian Farmers Fertilizer Cooperatives Ltd.) | रूद्र नारायण लाखा, जयराम गोर्खाली, रत्नश्वरी चवाल |
| २०८३।०२।०६ | सहकारी अध्यादेश २०८३ सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | बिष्णु राम दुमरू |
| २०८२।०२।२५ देखि ३० गते | Enhancing Governance & Self Regulation in Coopertives. | IFFCO (Indian Farmers Fertilizer Cooperatives Ltd.) | राधेश्याम सैंजु |
| २०८३।०२।२९ | सहकारी अध्यादेश २०८३ तथा जाँचबुझ आयोग प्रतिवेदन अन्तरक्रिया कार्यक्रम | सहकारी अध्ययन समाज नेपाल | बिष्णु राम दुमरू, विष्णु प्रसाद दुमरू |

क) **शुभकामना आदानप्रदान कार्यक्रम :** २०८२ असोज ११ गते विजया दशमी (मोहनी नःख) र शुभ दीपावली (स्वन्ति नःख) २०८२ एवं नेपाल संवत् ११४६ को उपलक्ष्यमा र २०८२ चैत २८ गते नव वर्ष २०८३ तथा बिस्काः जात्राको शुभ अवसरमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा र संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा, संस्थाका समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरूको सहभागितामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरियो ।

ख) **सम्मान कार्यक्रम :** २०८२ कार्तिक ७ गते नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँद्वारा असल ऋणी, असल बचतकर्ता र एसईई तथा कक्षा १२ का उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान प्रदान गरियो ।

ग) **विस्तारित मञ्च :** साधारण सभाको क्षेत्र नं. १ र २ का सदस्यहरूको सहभागितामा २०८२ पुस १२ गते संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा विस्तारित मञ्च कार्यक्रम आयोजना गरियो ।

घ) **अर्धवार्षिक समीक्षा कार्यक्रम :** हरेक आर्थिक वर्षको पुस मसान्तसम्मको प्रगति पुनरावलोकन गर्ने अर्ध-वार्षिक समीक्षा कार्यक्रम गर्ने संस्थाको अभ्यासअनुसार २०८२/१०/२४ गते संस्थाका समिति, लेखा सुपरिवेक्षण समिति र विभागीय कर्मचारीहरूको सहभागितामा आ.व. २०८२/०८३ को पुस मसान्तसम्मको प्रगति समीक्षा कार्यक्रम गरियो ।

ङ) **ज्येष्ठ सदस्य सम्मान कार्यक्रमः** २०८२ चैतसम्ममा ७० वर्ष भएका ज्येष्ठ सदस्य र ज्येष्ठ नागरिक बचतकर्ताहरूका लागि जलपानसहित ज्येष्ठ सदस्य सम्मान कार्यक्रम २०८२ चैत ४ गते नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्य, भक्तपुर नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांको आतिथ्य, डा. रत्नसुन्दर लासिवाको आतिथ्य र संस्थाका अध्यक्ष रूद्र नारायण लाखाको सभापतित्वमा सम्पन्न भएका थियो । कार्यक्रममा उपस्थित ज्येष्ठ सदस्यहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको थियो ।

च) **सरसफाइ कार्यक्रमः** २०८३ वैशाख ३ गते र असार ६ गते चोर्चा टोलमा संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूको सहभागितामा सरसफाइ कार्यक्रमको आयोजना गरिएको थियो ।

**छ) मजदुर दिवस कार्यक्रम :** १३७औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको उपलक्ष्यमा २०८३ वैशाख १६ गते नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरूको सहभागितामा मजदुर दिवस कार्यक्रम आयोजना गरियो ।

**ज) साकोस व्यवस्थापन तालिम :** संस्थाको निर्वाचन निर्देशिका २०७५ सँग सम्बन्धित दुईदिने साकोस व्यवस्थापन तालिमको आयोजना २०८३ जेठ १५ र १६ गते गरियो ।

**झ) जोखिम व्यवस्थापन कार्यशाला :** संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभागीय कर्मचारीहरूको सहभागितामा एकदिने जोखिम व्यवस्थापन कार्यशाला २०८३ जेठ २३ गते आयोजना गरियो ।

## १०. सम्पत्ति शुद्धीकरण निवारण निर्देशिकाको परिपालना

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ संस्थाहरूलाई जारी गरिएको निर्देशन २०७४ को पाँचौं संशोधन समेतलाई मध्यनजर गरी संस्थाको आन्तरिक कार्यविधि संशोधन गरिएको छ भने सोबमोजिमका सीमा कारोबार विवरणहरु नेपाल राष्ट्र बैङ्क लि. को वित्तीय एकाइमा GOAML मार्फत पठाइएको छ । संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभागीय कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशनबारे अभिमुखीकरण गर्नका लागि २०८२ माघ २४ गते सहकारी रजिस्ट्रारको कार्यालयका शाखा अधिकृत तिलकराम पोखरेलद्वारा सहजीकरण गरिएको थियो ।

## ११) आन्तरिक नीति, कार्यविधि र नीतिहरूमा भएको संशोधन र परिमार्जन :

संस्थाको सञ्चालक समितिको निर्णय पारित भएको नीति, कार्यविधिलगायत संशोधन तथा परिमार्जन भएका नीति तथा कार्यविधिहरु यस सभाबाट अनुमोदनको लागि पेस गरेको छु ।

११.१ शेयर सदस्य बन्नु पूर्व अनिवार्य शिक्षा शिविरमा बस्नुपर्ने व्यवस्था कायम गरिएको ।

११.२ ऋण लिने सदस्यहरूले स्वीकृत ऋणको ०।२५ प्रतिशत बराबरको शेयर रकम खरिद गर्नुपर्ने ।

११.३ जमानी ऋणलाई पनि किस्ताबन्दी भुक्तान गराउनका लागि बढीमा ५ वर्षसम्मको समयसीमा उपलब्ध गराउने ।

११.४ घरायसी ऋणको अधिकत्तम सीमा रू. २० लाख कायम गरिएको ।

११.५ किस्ताबन्दी ऋण नीति २०८२ लागू गरिएको ।

११.६ संस्थामा तरलता २५ प्रतिशतभन्दा बढी भएको अवस्थामा बाटो नभएको जग्गा सुरक्षणमा लिई रू. ७५ लाख सम्मको ऋण लगानी गरिनेछ भने गोरेटो बाटो भएको जग्गा सुरक्षणमा लिई अधिकत्तम रू. १ करोड ५० लाखसम्म ऋण लगानी गरिने ।

११.७ २०८३ सालदेखि मजदुर दिवसको दिन पनि संस्थागत बिदा गरिने ।

११.८ विद्युत्तीय सवारी साधनको लागतको बढीमा ५० प्रतिशत वा बिनाधितो भए रू. ३० लाख र अचल सम्पत्ति रोक्काको आधारमा रू. ५० लाखसम्म ऋण लगानी गर्ने ।

११.९ २०८३ साउन १ गतेदेखि लागू हुने गरी हर्जना दर ५% बाट घटाएर २% कायम गरिएको ।

११.१० ऋणमा पुनः कर्जा सुविधा हटाइएको ।

११.११ घर जग्गा खरीद ऋण शीर्षकमा लाइन अफ क्रेडिट सुविधा बन्द गरिएको ।

११.१२ ज्येष्ठ शेयर सदस्य कार्यविधि २०८३, आर्थिक नीति २०८३ र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी आन्तरिक कार्यविधि २०८३ बनाई लागू गरिएको ।

११.१३ २०८३ साउनबाट संयुक्त खाता खोल्न पूर्ण रूपमा बन्द गर्ने ।

११.१४ एक पटकभन्दा बढी धितो सट्टापट्टा गर्ने अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।

११.१५ लाइन अफ क्रेडिट ऋणमा २५ प्रतिशत अनिवार्य रूपमा उपभोग गर्नुपर्नेछ ।

११.१६ दैनिक बचतलाई निरूसाहित गर्न आगामी दिनहरूमा दैनिक बचत खोल्न पूर्ण रूपमा बन्द गर्ने ।

परिवर्तित समयलाई मध्यनजर गरी सञ्चालक समितिले विभिन्न मितिमा बचत र ऋण सेवामा ब्याजदर परिमार्जन गरी देहायअनुसार ब्याजदर कायम गरिएकोछ –

| बचतको प्रकार | ब्याजदर | ऋण सुविधा | ब्याजदर |
|---|---|---|---|
| नियमित बचत | ४% | किस्ताबन्दी ऋण | ५.५% |
| स्वास्थ्य बचत | ४% | नव उद्यम/आकस्मिक व्यवसायिक | ५.५% |
| बाल बचत | ४% | कृषि/स्वास्थ्य/नवनिर्माण | ६.५% |
| शेयर डिपोजित बचत | २% | शैक्षिक | ७% |
| ऐच्छिक बचत | १% | घर निर्माण | ७% |
| दैनिक बचत | १% | जमानी(बचत/शेयर र सदस्य) | ७% |
| समृद्धि बचत | १% | व्यापार/व्यवसाय/सरल व्यवसायिक | ७.५% |
| आवधिक बचत : १ बर्षे | २.२५% | उद्योग/पशुपन्छी पालन/सामूहिक | ७.५% |
| ज्येष्ठ नागरीक बचत (१ वर्षे) | २.५% | हायरपर्चेज/सवारी साधन | ७.५% |
| | | दैनिक बचत ऋण | ७.५% |
| | | लघुवित्त समुह जमानी | ७.५% |
| | | पेसागत ऋण | ७.५% |
| | | उपभोग्य/घरायसी | ८% |
| | | घरजग्गा खरीद | ८.५% |
| | | निक्षेप कर्जा/बचत सरह | थप २% |

**१२) अन्य**

१२.१ २०८२ कार्तिक ४ गते नेपालभाषा साहित्य तःमुंज्याको आयोजनामा नेपाल संवत् ११४६ न्हुदँ भिन्तुना ऱ्यालीमा संस्थाका समिति, उपसमिति, संस्थापक तथा कर्मचारीहरु चोर्चा बाजा समूहसँगै सहभागिता जनाएको ।

१२.२ संस्थाले सदस्यहरूलाई दिँदै आएको एससीटी कार्डको सेवा उपभोग गर्ने सदस्य सङ्ख्या न्यून रहेको हुनाले र डिजिटल कारोबारलाई प्राथमिकता दिनका लागि एससीटी कार्डको सेवा बन्द गरिएको ।

१२.३ सहकारी रजिस्ट्रारको कार्यालयबाट संस्थामा अनुगमन गरी सुझाव प्राप्त भएको ।

१२.४ सिद्धि कृषि सहकारी संस्था लि. मा रहेको संस्थाको लगानीको ब्याजदर ४ प्रतिशत कायम गरिएको ।

१२.५ संस्थाको कानुनी परामर्शकर्ताको रूपमा कानुनी अधिवक्ता राजु कैटि (प्र.नं. १५०८३) लाई चयन गरिएको ।

१२.६ संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको २०८२/११/१३ गते इजाजत पत्र नं. २०५१-००४९३ रहने गरी दर्ता गरिएको र २०८२/१२/१७ गते कर्जा सूचना केन्द्रमा दर्ता नं. COP-435.082/083 रहने गरी दर्ता गरिएको ।

१२.७ आ.व. २०८१।०८२ सालको बाह्य लेखा परीक्षण प्रतिवेदनअनुसार संस्थाको सामुदायिक विकास कोषमा रहेको रकममध्ये रु ६,१४,५९६।- (अक्षरेपी रू. छ लाख चौध हजार पाँच सय छयानब्बे मात्र) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट स्वास्थ्य सेवामा खर्च गर्नका लागि भक्तपुर नगरपालिकालाई प्रदान गरिएको

१२.८ ६९औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को आयोजनामा भएको प्रभातफेरी कार्यक्रममा संस्थाका समिति, उपसमिति, संस्थापक र कर्मचारीहरूको सहभागिता रहेको ।

१२.९ कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ लि. बाट नेपाल सरकारको अनुदान प्राप्त रासायनिक मल बिक्री वितरण गरेको विस्तृत जानकारी अनुसूची ३ मा प्रकाशित गरिएको छ ।

**१३) आगामी कार्यक्रमहरू**

- सदस्यहरूको आय क्षमता बढाउन उत्पादनमूलक, रोजगारीमूलक र सीपमूलक तालिमहरूको आयोजना गर्ने ।
- बचत तथा ऋण प्रवर्द्धनात्मक कार्यक्रम गर्ने ।
- सहकारी शिक्षा एवं स्वास्थ्य शिविर कार्यक्रमहरूलाई निरन्तरता दिने ।
- संस्था संचालनमा प्रविधिमैत्री बनाउँदै जाने ।
- समिति, उपसमिति र व्यवस्थापनको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमहरु सञ्चालन गर्ने ।
- एक्सेस कार्यक्रमलाई निरन्तरता दिने ।
- सदस्यहरूलाई संस्थासम्बन्धी सूचना प्रदान गर्न छिमेकीलगायत सिद्धि गणेश कर्नर प्रकाशनलाई निरन्तरता दिने ।
- सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै लाने ।
- ऋणी सदस्यहरूको ऋण सदुपयोगिता जाँच गर्ने ।
- संस्थाको सदस्यता सङ्ख्या, आर्थिक कारोबारको आधारमा आवश्यक जनशक्तिको दरबन्दी सृजना गरी समाजमा रोजगारीको अवसर उपलब्ध गराउने ।
- सदस्यको सांस्कृतिक स्तर उकास्न विविध कार्यक्रमहरु प्रभावकारिताका साथ सञ्चालन गर्ने ।

अन्त्यमा, यस सभाबाट यस प्रगति प्रतिवेदन र प्रस्तावित कार्यक्रमहरूमाथि आवश्यक छलफल गरी पारित हुने विश्वास व्यक्त गर्दै बिदा हुन्छु ।

धन्यवाद !

# अनुसूची-१

## आ.व. २०८२/०८३ असार महिनासम्मको सदस्य विवरण

| | वडा | महिला | पुरूष | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| भ.न.पा. | १ | ५२६ | ३९२ | ७८ | ९७ | १०९३ |
| | २ | ७२४ | ६०९ | १३६ | १४६ | १६१५ |
| | ३ | ४१६ | ३७३ | ७६ | ७८ | ९४३ |
| | ४ | ५२८ | ४५० | ९५ | ११२ | ११८५ |
| | ५ | ४५२ | ३८२ | ८४ | ९६ | १०१४ |
| | ६ | ७४९ | ६४९ | ११८ | १६९ | १६८५ |
| | ७ | १४९९ | १२३७ | २८६ | ३२० | ३३४२ |
| | ८ | ८६४ | ७२६ | १५४ | १६९ | १९१३ |
| | ९ | ९२५ | ८२२ | १७५ | १७७ | २०९९ |
| | १० | ११३३ | ९६७ | २११ | २६० | २५७१ |
| | **जम्मा** | **७८१६** | **६६०७** | **१४१३** | **१६२४** | **१७४६०** |
| | | | | | | |
| म.थि.न.पा. | ठेगाना | महिला | पुरूष | बालिका | बालक | जम्मा |
| | मध्यपुर | ६२ | ६७ | १४ | ९ | १५२ |
| | **जम्मा** | **६२** | **६७** | **१४** | **९** | **१५२** |
| | | | | | | |
| चा.न.पा. | **ठेगाना** | **महिला** | **पुरूष** | **बालिका** | **बालक** | **जम्मा** |
| | चाँगुनारायण | ९१ | ११३ | ८ | १५ | २२७ |
| | दुवाकोट | ३९ | ५८ | ६ | ७ | ११० |
| | नगरकोट/बेसीटोल | ५७ | ५२ | १३ | १० | १३२ |
| | छालिङ्ग | १३४ | १३५ | २९ | ३४ | ३३२ |
| | ताथली | ८० | ८२ | १९ | २२ | २०३ |
| | सुडाल | ७५ | ११७ | १५ | १८ | २२५ |
| | बागेश्वरी | ९३ | १४० | १९ | ९ | २६१ |
| | झौखेल/लाकिला | १४० | ११३ | ४१ | ३६ | ३३० |
| | जितपुर | ३२ | ४५ | ४ | ६ | ८७ |
| | बाँसघारी | २० | १६ | ४ | २ | ४२ |
| | खरीपाटी | १३ | १६ | ० | ० | २९ |
| | पिखेल | ४५ | १७ | २ | ८ | ७२ |
| | **जम्मा** | **८१९** | **९०४** | **१६०** | **१६७** | **२०५०** |
| | | | | | | |
| सू.न.पा. | **ठेगाना** | **महिला** | **पुरूष** | **बालिका** | **बालक** | **जम्मा** |
| | कटुञ्जे | ४२ | ४७ | १० | ६ | १०५ |
| | सिपाडोल | १७८ | १५३ | २१ | २७ | ३७९ |
| | गुण्डु | २० | २९ | २ | २ | ५३ |
| | चित्तपोल | २० | ३२ | ७ | ३ | ६२ |
| | नंखेल | ३० | २० | ४ | ४ | ५८ |
| | दधिकोट | ६ | ४ | २ | ३ | १५ |
| | बालकोट | ५ | ७ | १ | १ | १४ |
| | सिरूटार | ७ | २ | ० | ० | ९ |
| | सूर्यविनायक | २३० | २३५ | २७ | २४ | ५१६ |
| | आदर्श | ४९ | ४८ | ९ | ९ | ११५ |
| | चुनदेवी | १२ | ११ | २ | २ | २७ |
| | **जम्मा** | **५९९** | **५८८** | **८५** | **८१** | **१३५३** |
| **कुल सदस्य** | | ९२९६ | ८१६६ | १६७२ | १८८१ | २१०१५ |

| बाल बचत | | |
|---|---|---|
| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
| बालक | १८८१ | ५२.९४ |
| बालिका | १६७२ | ४७.०६ |
| **जम्मा** | **३५५३** | **१००** |
| | | |
| **पेसा** | **सङ्ख्या** | **प्रतिशत** |
| उद्योगी | ५५ | ०.३१५ |
| स्वास्थ्यकर्मी | १२५ | ०.७१६ |
| शिक्षण | १९१६ | १०.९७ |
| व्यापार | ३६७७ | २१.०५ |
| मजदुरी | ८७५ | ५.०१ |
| लेखापढी | २१ | ०.१२ |
| विद्यार्थी | ४०६८ | २३.२९ |
| कृषि | ५९९७ | ३४.३४ |
| अन्य | ७३० | ४.१८ |
| **जम्मा** | **१७४६४** | **१००** |
| | | |
| **उमेर समूह** | **सङ्ख्या** | **प्रतिशत** |
| ० देखि १० | २१०० | ९.९५६ |
| ११ देखि १८ | १५९८ | ७.५८३ |
| १९ देखि २५ | १२९५ | ६.१५९ |
| २६ देखि ४५ | ८४०३ | ४०.०३ |
| ४६ देखि ६० | ५५५५ | २६.४६ |
| ६० वर्षमाथि | २०६४ | ९.८१३ |
| **जम्मा** | **२१०१५** | **१००** |
| | | |
| **स्वास्थ्य बचत** | | |
| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
| पुरूष | १०४८ | ४४.६९ |
| महिला | १२९७ | ५५.३१ |
| **जम्मा** | **२३४५** | **१००** |
| | | |
| **खाता सङ्ख्या** | | |
| बाल बचत | ३५५३ | २२.६ |
| स्वास्थ्य बचत | २३४५ | १४.९ |
| समृद्धि बचत | २०८ | १.३ |
| दैनिक बचत | १७६३ | ११.२ |
| ज्येष्ठ नागरिक | ८६१ | ५.५ |
| आवधिक बचत | १२०२ | ७.६ |
| ऐच्छिक बचत | ५८२० | ३६.९ |
| प्रतिशत | १५७५२ | १०० |
| **जम्मा महिला** | **९२९६** | **५३.२३** |
| **जम्मा पुरूष** | **८१६६** | **४६.७६** |
| **संस्थागत** | **२** | **०.०१** |
| **जम्मा सदस्य** | **१७४६४** | **१००** |

# अनुसूची २

## १. शिक्षा उपसमिति

क) प्रत्येक महिनाको तेस्रो शनिबारको दिन अनिवार्य शिक्षा शिविरको आयोजना गरिएको थियो ।

## २. ऋण उपसमिति

क) हालको वित्तीय बजारमा सहकारीको अवस्थाबारे र सम्पत्ति शुद्धीकरणसम्बन्धी जानकारी एवं छलफल कार्यक्रम । (जेठ १०)

### आ.व. २०८२/०८३ मा ऋण लगानी क्षेत्र तथा ऋणी विवरण

| क्र.सं. | ऋण शीर्षक | ब्याजदर | रकम | लगानी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | हायरपर्चेज | ७.५ | ८,५३५,८३७ | ०.४३ | ३ | ३२ | ३५ |
| २ | सरल व्यवसाय | ७.५ | ६६८,७६१ | ०.०३ | २ | २ | ४ |
| ३ | घरनिर्माण | ७.० | २१०,३५७,४४१ | १०.७० | ६५ | ८९ | १५४ |
| ४ | व्यावसायिक | ७.५ | ९८२,७९३,९७७ | ५०.०१ | ६२ | १७१ | २३३ |
| ५ | घरजग्गा | ८.५ | ३३१,१४२,३७० | १६.८५ | ४४ | ५९ | १०३ |
| ६ | शैक्षिक | ७.० | १६,४५०,३४१ | ०.८४ | ७ | ४ | ११ |
| ७ | सवारी साधन | ७.५ | २४,३८५,२६० | १.२४ | २ | १२ | १४ |
| ८ | नवनिर्माण | ६.५ | ७,७४१,७५२ | ०.३९ | ४ | ८ | १२ |
| ९ | स्वास्थ्य | ० | ३०,००० | ०.००२ | ० | १ | १ |
| १० | एकल सदस्य जमानी | ७.० | २६,९१०,११३ | १.३७ | १२७ | १३३ | २६० |
| ११ | बचत/सदस्य जमानी | ७.० | १९,५५२,३२३ | ०.९९ | ८५ | १७१ | २५६ |
| १२ | उपभोग्य | ८.० | ११५,७०९,२६८ | ५.८९ | ८२ | ८४ | १६६ |
| १३ | पेसागत | ७.५ | १६५,७३८ | ०.०१ | ० | १ | १ |
| १४ | नवउद्यमी | ५.५ | २,४९८,४७० | ०.१३ | १ | २ | ३ |
| १५ | दैनिक बचत | ७.५ | १३,९३९,३८८ | ०.७१ | २१ | ३७ | ५८ |
| १६ | क.सञ्चित | थप २% | ६,१७४,९४६ | ०.३१ | ९ | ४ | १३ |
| १७ | किस्ताबन्दी | ५.५ | ७५,३३८,२३७ | ३.८३ | १७ | १४ | ३१ |
| १८ | निक्षेप कर्जा | थप २% | ११,८४८,४९४ | ०.६० | २५ | १८ | ४३ |
| १९ | लघुवित्त | ७.५ | ५८४,६२१ | ०.०३ | १४ | ६ | २० |
| २० | आकस्मिक व्यवसाय | ५.५ | ९७,८९७,१०५ | ४.९८ | ३ | ८ | ११ |
| २१ | स्वदेश अध्ययन | ६.५ | ३५३,३३१ | ०.०२ | ० | १ | १ |
| २२ | वैदेशिक अध्ययन | ८.५ | १२,१३८,०८३ | ०.६२ | ४ | ४ | ८ |
| | जम्मा | | १,९६५,२१५,८५६ | १०० | ५७७ | ८६१ | १४३८ |

## ३. बचत उपसमिति

### आ.व. २०८२/०८३ मा सदस्यहरुको विवरण

| क्र.सं. | विवरण | जम्मा सङ्ख्या | महिला | पुरूष | संस्थागत |
|---|---|---|---|---|---|
| १ | कुल सदस्य | १७४६४ | ९२९६ | ८१६६ | २ |
| २ | सदस्यता वृद्धि | ३६० | १९४ | १६६ | |
| ३ | संस्थागत सदस्यता | २ | | | २ |
| ४ | बाल बचतबाट सदस्यता | १४० | ६४ | ७६ | |
| ५ | स्वेच्छाले सदस्यता खारेजी | १२२ | ५८ | ६४ | |
| ६ | अनिवार्य सदस्यता खारेजी | ६१ | २५ | ३६ | |
| ७ | बाल बचत | ३५५३ | १६७२ | १८८१ | |

आ.व. २०८२/०८३ मा विभिन्न बचत कार्यक्रमहरूमा सहभागी सदस्य सङ्ख्या

| क्र.सं. | बचत कार्यक्रमहरू | सहभागी सदस्य सङ्ख्या |
|---|---|---|
| १ | नियमित बचत | १७४६४ |
| २ | ऐच्छिक बचत | ५८२० |
| ३ | स्वास्थ्य बचत | २३४५ |
| ४ | आवधिक बचत | १२०२ |
| ५ | ज्येष्ठ नागरिक बचत | ८६१ |
| ६ | दैनिक बचत | १७६३ |
| ७ | समृद्धि बचत | २०८ |
| ८ | बाल बचत | ३५५३ |

### ४. महिला तथा बालबालिका उपसमिति

क) ४५ दिने चित्रकला तालिम (२०८३ वैशाख १३ गते)

### ५. युवा उपसमिति

क) ६ महिने पछिमा बाजा समापन कार्यक्रम (२०८२ मङ्सिर ६ गते)
ख) सहकारीमा युवाको भूमिकासम्बन्धी अन्तरक्रिया तथा राय सुझाव सङ्कलन कार्यक्रम (२०८२ मङ्सिर २७)

### ६. लघुवित्त तथा बचत समूह परिचालन उपसमिति

क) ३१औँ वार्षिक साधारण सभाका लागि लघुवित्त समूह र स्वयम्सेवक भेला (२०८२ भदौ ३१ गते)
ख) हार्पिक फिनाइल र पिताम्बरी बनाउने तालिम (२०८२ माघ १७ गते)
ग) सहकारी अध्ययन अवलोकन भ्रमण (२०८२ फागुन २ गते )
घ) नारी दिवसको अवसरमा कानुनसम्बन्धी अभिमुखीकरण कार्यक्रम (२०८२ फागुन २४)
ङ) मेनोपज रोगसम्बधी अभिमुखीकरण (२०८३ असार २१)

### ७. यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति

क) निःशुल्क हाडजोर्नी तथा नशा रोग सम्बन्धी स्वास्थ्य शिविर र डेंगु रोग सम्बन्धी सचेतानामूलक कार्यक्रम (२०८३ जेठ २२ गते)
ख) आ.व. २०८२/०८३मा यस उपसमितिको बैठक १७ पटक बसी आवश्यक छलफल तथा निर्णय गरियो ।
ग) आ.व. २०८२/०८३ मा यस सेवाकेन्द्रको आर्थिक कारोबार विवरण देहायअनुसार रहेको छ -

- **प्राप्त विवरण**

| नियमित बचत | साधारण बचत | निक्षेप | ऋण | जम्मा | कारोबार सङ्ख्या | नयाँ सदस्यता |
|---|---|---|---|---|---|---|
| १,९४,३४,६४१ | २१,३७,३१,००२ | १७,४१,००,०९४ | ७,९५,४७,५५० | ४८,६८,१३,२८७ | ३२,८७० | २० |

- भुक्तानी विवरण

| नियमित बचत | साधारण बचत | निक्षेप | ऋण | जम्मा | कारोबार सङ्ख्या |
|---|---|---|---|---|---|
| १,०१,५९,६५० | १९,०१,१५,४३२ | १९,३३,१५,५३९ | २,५४,०७,०८४ | ४१,८९,९७,७०५ | ५९७६ |

८. सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु

क) १५ दिने मोटरसाइकल मर्मत तालिम । (२०८३ जेठ १७ गते)

ख) खानेपानी वितरण (साउन २५ र वैशाख ४ गते)

ग) आ.व. २०८२/०८३ मा यस उपसमितिको बैठक १७ पटक बसी आवश्यक छलफल तथा निर्णय गरियो ।

घ) आ.व. २०८२/०८३ मा यस सेवाकेन्द्रको आर्थिक कारोबार विवरण देहायअनुसार रहेको छ -

- प्राप्त विवरण

| नियमित बचत | साधारण बचत | निक्षेप | ऋण | जम्मा | कारोबार सङ्ख्या | नयाँ सदस्यता |
|---|---|---|---|---|---|---|
| १,७३,४२,४८७ | १२,०९,३८,५०६ | १५,७१,०२,१६३ | ७,२९,८०,८६६ | ३६,८३,६४,०२२ | २८,८३७ | ८३ |

- भुक्तानी विवरण

| नियमित बचत | साधारण बचत | निक्षेप | ऋण | जम्मा | कारोबार सङ्ख्या |
|---|---|---|---|---|---|
| ७६,२४,३८१ | ११,५१,९३,२३४ | १५,४३,२८,५६३ | २,८१,७०,५२९ | ३०,५३,१६,७०७ | ३,७३३ |

## अनूसची ३

## मल खरिद बिक्री विवरण

| क्र.सं. | बिक्रेताको नाम | खरिद मिति | बिल नं. | युरिया | डी.ए.पी. | पोटास | खरिद गर्दा लागेको लागत | बिक्री |
|---|---|---|---|---|---|---|---|---|
| १. | कृषि सामग्री कम्पनी लि. | २०८२/०४/३० | ४५ | ० | २२ | ५ | ६१,२०६ | ६१,२०६ |
| २. | साल्ट ट्रेडिङ लि. | २०८२/०५/१३ | ७५ | १८ | ३२ | ० | ९२,८०० | ९२,८०० |
| ३. | कृषि सामग्री कम्पनी लि. | २०८२/०७/३० | ३६१ | ३५ | ० | ० | ३२,४८० | ३२,४८० |
| ४. | साल्ट ट्रेडिङ लि. | २०८२/०८/२५ | २५७ | ० | २१ | ० | ४९,९३८ | ४९,९३८ |
| ५. | कृषि सामग्री कम्पनी लि. | २०८२/०८/२८ | ४८५ | ३१ | २७ | ० | ९२,९७४ | ९२,९७४ |
| ६. | साल्ट ट्रेडिङ लि. | २०८२/०९/१३ | २६९४३ | ३२ | ० | ० | २९,६९६ | २९,६९६ |
| ७. | कृषि सामग्री कम्पनी लि. | २०८२/०९/२४ | ६७९ | २८ | ० | ० | २५,९८४ | २५,९८४ |
| ८. | कृषि सामग्री कम्पनी लि. | २०८२/१०/२२ | ८३४ | २८ | १४ | ० | ५९,२७६ | ५९,२७६ |
| ९. | कृषि सामग्री कम्पनी लि. | २०८२/१२/१५ | १०५० | २८ | ० | २० | ६१,५४४ | ६१,५४४ |
| १०. | साल्ट ट्रेडिङ लि. | २०८३/०१/२२ | ६९३ | ४ | १४ | ० | ३७,००४ | ३७,००४ |
| ११. | कृषि सामग्री कम्पनी लि. | २०८३/०१/३१ | १२८८ | २८ | ० | ० | २५,९८४ | २५,९८४ |
| १२. | कृषि सामग्री कम्पनी लि. | २०८३/०१/३१ | १५३६ | २८ | ० | ० | २५,९८४ | २५,९८४ |
| १३. | कृषि सामग्री कम्पनी लि. | २०८३/०२/१४ | १७०६ | २८ | २० | ० | ७३,५४४ | ७३,५४४ |
| | जम्मा | | | २८८ | १५० | २५ | ६,६८,४१४ | ६,६८,४१४ |

# आ.व. २०८२/०८३ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को अनुमानित बजेट



**जयराम गोर्खाली**
कोषाध्यक्ष

आज मिति २०८३/०६/१७ गते शनिबारका दिन यस सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२औँ वार्षिक साधारण सभाका सभापति एवं यस संस्थाका अध्यक्ष, सञ्चालक समितिका पदाधिकारीहरू, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू, उपसमितिका सदस्यहरू, संस्थापकहरू, शेयर सदस्य महानुभावहरू, व्यवस्थापनका कर्मचारी मित्रहरू, स्वयम्सेवकहरू, अन्य महानुभावहरूमा सहकारी अभिवादन र विजया दशमी, तिहार तथा छठको अवसरमा सम्पूर्णमा सुस्वास्थ्य, दीर्घायुको मङ्लमय शुभकामना व्यक्त गर्दछु ।

सहकारी संस्थाहरूले सहकारी ऐन नियम पालना गर्दागर्दै पनि नियतवस सहकारीलाई बदनाम गर्न लागिपरेका सञ्चालक समितिका पदाधिकारी र कर्मचारीहरूको संलग्नताले आज धेरै समयदेखि सहकारी संस्थाहरूमा विचलन आइरहेको पाइन्छ । विश्वभरि विभिन्न समयमा आइपरेका समस्याहरूका कारणले पनि आजको दिनमा सहकारीहरूले सहकारीमा आबद्ध भएका सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा स्तर उन्नति गर्न सकिरहेका छैनन् । सहकारी क्षेत्रमा बदनाम गर्दै आइरहेका केही सहकारीहरूले गर्दा सिद्धि गणेशजस्तो समुदायमा आधारित सहकारीलाई पनि केही हदसम्म त्यसको असर परिरहेको पाइन्छ ।

सहकारी संस्थाका माथिल्ला निकायहरूले सहकारीहरूको बारेमा समय सापेक्ष अध्ययन अनुसन्धानको कमीका कारण र दलीय भागबण्डा र आरक्षणको कारणले सहकारीहरूमा समस्या विकराल बन्दै गइरहेको पाइन्छ । समुदायमा रहेका सहकारीहरूमा आइपरेको समस्यालाई नजिकका राम्रा र सबल सहकारीहरूको निगरानी र खबरदारीको कमी र विभिन्न बजारी होडबाजीका कारण सहकारी क्षेत्रहरूमा समस्या देखा परेका हुन् । समुदायमा रहेका सहकारी नियम कानुनलाई राम्ररी पालना गरिरहेका सहकारीहरूको समूहले उपल्लो निकाय तथा राष्ट्रिय स्तरका नियामक निकायहरु सँग हातेमालो गरी अघि बढ्नु पर्ने समय आएको छ । सहकारी संस्थाका भातृ सङ्गठनहरूको प्रतिनिधिहरूको सहभागिताले अबका दिनहरूमा नेतृत्व सम्हाल्न सकेको अवस्थामा सहकारीमा थप विकास गर्न सकिनेमा सिद्धि गणेश सहकारी विश्वास व्यक्त गर्दछ । सहकारी क्षेत्रमा आबद्ध विभिन्न निकायहरूले आयोजना गरिरहेका सभा सम्मेलन तथा गोष्ठीहरूमा सहभागिता जनाएको अवस्थामा आफ्ना क्षेत्रहरूमा सोहीअनुसार मार्ग निर्देशन गर्न सकिने वातावरण तय गर्न सकिन्छ ।

अहिलेको समय भनेको समुदायमा आधारित सहकारीहरूले सामाजिक सञ्जालको सही सदुपयोग गरी सहकारीहरूले गरिरहेका उत्कृष्ट अभ्यासहरूलाई सम्पूर्ण सदस्यहरूलाई जानकारी दिनुपर्दछ । यसैमार्फत सरोकारवालाहरूलाई सचेत गर्नुपर्दछ । विभिन्न समयमा नियमन निकायले प्रेषित गरेका नियम कानुनलाई अंक्षरस पालना गर्नु पनि आजको आवश्यकता हो । अब म यस संस्थाको आ.व. २०८२/०८३ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को अनुमानित बजेट बुँदागत रूपमा पेस गर्दछु ।

**१. शेयर हिसाब**

आ.व. २०८२/०८३ मा शेयर हिसाबअन्तर्गत अघिल्लो वर्षको तुलनामा ३.३९% अर्थात रू. ८८,९८,७००।- (अठासी लाख अन्ठानब्बे हजार सात सय रूपैयाँ) ले घटी भई कुल रू. २५,३६,४६,७००।- (पच्चीस करोड छत्तीस लाख छयालीस हजार सात सय रूपैयाँ) भएको छ । जुन संस्थाको कुल सम्पत्तिको ७.६० % हुन आउँछ ।

**२. बचत हिसाब**

आ.व. २०८२/०८३ मा अघिल्लो वर्षको तुलनामा सदस्यहरूको बचत रकम २.०४% अर्थात रू. ५,३८,३१,०३१।- (पाँच करोड अठतीस लाख एकतीस हजार एकतीस रूपैयाँ) ले वृद्धि भई कुल रू. २,६९,५८,८७,४४७।- (दुई अर्ब उनन्सत्तरी करोड अन्ठाउन्न लाख सतासी हजार चार सय सतचालीस रूपैयाँ) भएको छ । जुन कुल सम्पत्तिको ८०.६०% को अनुपातमा हुन्छ ।

**३. जगेडा/अन्य कोष तथा व्यवस्थाहरू**

आ.व. २०८२/०८३ मा जगेडा कोषमा १०.४८% अर्थात् रू. २,८८,९८,५८४।-(दुई करोड अठासी लाख अन्ठानब्बे हजार पाँच सय चौरासी रूपैयाँ) ले वृद्धि भई रू. ३०,४७,४३,६०३।- (तीस करोड सतचालीस लाख त्रिचालीस हजार छ सय तीन रूपैयाँ) हुन आएको छ । प्रचलित कानुनअनुसार अन्य कोषमा रहेको बाँकी रकम जगेडा कोषमा सारिएकोले जगेडा कोष रकममा यो अनुपातमा वृद्धि भएको हो । सहकारी ऐन २०७४ अनुसार संरक्षित पुँजी फिर्ता कोष रू. १,४०,५४,०६०।- (एक करोड चालीस लाख चवन्न हजार साठी रूपैयाँ) र सहकारी प्रवर्द्धन कोष रू. २,८१,०८१।- (दुई लाख एकासी हजार एकासी रूपैयाँ) छुट्याएपछि अन्य कोषहरूमा रकम रू.४,१८,८१,०९८।- (चार करोड अठार लाख एकासी हजार अन्ठानब्बे रूपैयाँ) र ऋण सुरक्षण/जोखिम व्यवस्थामा यस वर्ष रू. २४,५५,७४९।- (चौबिस लाख पचपन्न हजार सात सय उनन्चास रूपैयाँ मात्र) थप गरी रू. ५,४६,८४,६९०।-(पाँच करोड छयालीस लाख चौरासी हजार छ सय नब्बे रूपैयाँ) कायम भएको छ ।

**४. ऋण लगानी तथा असुली व्यवस्था**

आ.व. २०८२/०८३ मा अघिल्लो वर्षको तुलनामा ७.५२% अर्थात् रू. १३,४०,९५,९१७।-(तेह् करोड चालीस लाख पन्चानब्बे हजार नौ सय सत्र रूपैयाँ) ले वृद्धि भई कुल रू. १,९१,६७,५७,९६८।- (एक अर्ब एकानब्बे करोड सतसट्ठी लाख सन्ताउन हजार नौं सय अठसट्ठी रूपैयाँ) ऋण लगानी भएको छ । जुन कुल सम्पत्तिको ५७.३४% हुन आउँछ । बाह्य लेखा परीक्षणको प्रतिवेदनको अनुसूची ४.३ मा ऋणसम्बन्धी विस्तृत विवरण समावेश गरिएको हुनाले सो विवरण हेर्नका लागि अनुरोध गर्दछु ।

**५. आय-व्यय तथा खुद बचत(नाफा) को अवस्था**

सदस्यमा ऋण लगानीबाट ब्याज आम्दानी लक्ष्यको ९८.२८% र तरल/वित्तीय लगानी र बैङ्कबाट ब्याज आम्दानी पनि लक्ष्यको ११९.७४% ले प्रगति भई आम्दानीतर्फ रू. २२,२३,२१,२४५।- (बाइस करोड तेइस लाख एक्काइस हजार दुई सय पैतालीस रूपैयाँ) भएकोमा बचतमा ब्याज खर्च पनि अनुमानको ७९.१८% भएको छ भने सञ्चालन खर्च तथा नियमित खर्चअनुमानको ८८.७१% भई रू. ३,७२,६७,१७७।- (तीन करोड बहत्तर लाख सतसट्ठी हजार एक सय सतहत्तर रूपैयाँ) मा सीमित भएको छ । परिणामतः आ.व. २०८२/०८३ मा ४ करोड ४८ लाख कर अघिको नाफा बनाउने लक्ष्य राखिएकोमा १८१.५४% लक्ष्य प्राप्ति भई रू. ८,१३,३०,०४३।- (आठ करोड तेह्र लाख तीस हजार त्रिचालीस रूपैयाँ) खुद बचत(नाफा) भएको छ ।

## ६. कुल सम्पत्ति तथा तरलता

आ.व. २०८२/०८३ को अन्त्यसम्ममा संस्थाको कुल सम्पत्तिमा २.४४% ले वृद्धि भई कुल रू. ३,३४,२७,०९,५५३।- (तीन अर्ब चौतिस करोड सत्ताइस लाख नौ हजार पाँच सय त्रिपन्न रूपैयाँ) हुन आएको छ । सो अवधिमा संस्थामा बचत/निक्षेपको अनुपातमा २३.३७% तरलता (राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्डबमोजिम गणना गर्दा) देखिएको छ । संस्थाले विभिन्न वित्तीय संस्थाहरूमा रू. ८७,७५,००,००० (सतासी करोड पचहत्तर लाख रूपैयाँ) तरल तथा वित्तीय लगानी गरिएको छ ।

संस्थाको सञ्चालक समितिको मिति २०८३/२/३० गतेको निर्णयानुसार संस्थाको ४ वर्षे व्यावसायिक योजनामा संशोधन गरी आ.व. २०८३/०८४ का लागि देहायानुसारको लक्ष्य तय गरेको छ :

| क्र.सं. | विवरण | आ.व. २०८३।०८४ साबिकको लक्ष्य | आ.व. २०८३।०८४ परिवर्तित लक्ष्य |
|---|---|---|---|
| १ | सदस्यता | १८,३०० जना | १७,७०० जना |
| २ | बाल बचतकर्ता | ३,७०० जना | ३,८०० जना |
| ३ | शेयर पुँजी | रू.४३,००,००,००० | रू. २६,६२,५०,००० |
| ४ | बचत | रू. ३,२२,५०,००,००० | रू. २,८४,००,००,००० |
| ५ | जगेडा कोष | रू. ३४,४०,००,००० | रू. ३३,७२,५०,००० |
| ६ | ऋण लगानी | रू. ३,२२,५०,००,००० | रू. २,४८,५०,००,००० |
| ७ | कुल सम्पत्ति | रू. ४,३०,००,००,००० | रू. ३,५५,००,००,००० |

## ७. लाभांश वितरण

यस संस्थाको असार मसान्तसम्मको जोखिम भारित सम्पत्तिको आधारमा पुँजीकोष पर्याप्तता अनुपात (Capital Adequacy Ratio - CAR) २५.५५% रहेको हुनाले सञ्चालक समितिको निर्णयबमोजिम आ.व. २०८२/०८३ को शेयर पुँजीमा १०.५०% दरमा लाभांश वितरण गरिने निर्णय पनि सभाबाट पारित गरिदिन हुन अनुरोध गर्दछु ।

## आ.व. २०८२/०८३ असारको यथार्थ तथा आ.व. २०८३/०८४ को अनुमानित बजेट

**स्रोततर्फ**

| पुँजी तथा दायित्व | आ.व. २०८२/०८३ अनुमानित | आ.व. २०८२/०८३ असार यथार्थ | आ.व. २०८३/०८४ अनुमानित |
|---|---|---|---|
| सदस्य | १७,४०० | १७,४६४ | १७७०० |
| बाल बचतकर्ता | ३,६०० | ३,५५३ | ३८०० |
| शेयर हिसाब | २५,५०,००,००० | २५,३६,४६,७०० | २६,६२,५०,००० |
| शेयर डिपोजित बचत | १,३८,००,००० | १,१९,५८,८५१ | ७०,००,००० |
| नियमित बचत | ५१,८३,००,००० | ४०,७१,९१,७१५ | ५३,००,००,००० |
| बाल बचत | ८,५५,५८,१२० | ९,३५,१६,३८० | १२,५०,००,००० |
| आवधिक निक्षेप | ७८,५५,००,००० | ६९,७९,१६,१२४ | ६५,००,००,००० |
| ऐच्छिक बचत | ६५,००,००,००० | ७९,८३,९०,८१३ | ७०,७२,००,००० |
| स्वास्थ्य बचत | ३,८९,४१,८८० | ३,३८,००,६५१ | ४,७५,००,००० |

| | | | |
|---|---|---|---|
| दैनिक बचत | ७,७०,००,००० | ७,९२,४५,०८१ | ८,८०,००,००० |
| ज्येष्ठ नागरिक बचत | ५०,००,००,००० | ५२,५६,५१,४०७ | ६५,००,००,००० |
| समृद्धि बचत | ८०,००,००० | ५६,६०,६३७ | ४०,००,००० |
| सदस्य आम्दानी बचत | ५,००,००,००० | २,९७,७५,६५२ | १,८०,००,००० |
| कर्मचारी सञ्चित बचत | १,२०,००,००० | १,२७,८०,१३७ | १,३३,००,००० |
| जगेडा कोष | २८,५६,००,००० | ३०,४७,४३,६०३ | ३३,७२,५०,००० |
| संरक्षित पुँजी फिर्ता कोष | ७५,६०,१६९ | १,४०,५४,०६० | १,३२,३२,३६३ |
| सहकारी प्रवर्द्धन कोष | १,५१,२०३ | २,८१,०८१ | २,६४,६४७ |
| अन्य कोषहरू | २,२५,२९,३०३ | ४,१८,८१,०९८ | ३,९४,३२,४४० |
| अन्य दायित्व | ५,००,५९,३२५ | २,५९,८८,७६२ | ४,७०,००,००० |
| एनएफआरएस समायोजन कोष | - | ५४,७७,६५२ | ५७,७०,५५० |
| स्थगन कर दायित्व | - | ७,४९,१५० | ८,००,००० |
| **जम्मा** | ३,३६,००,००,००० | ३,३४,२७,०९,५५३ | ३,५५,००,००,००० |

उपयोगतर्फ

| **सम्पत्ति** | **आ.व. २०८२/०८३ अनुमानित** | **आ.व. २०८२/०८३ असार यथार्थ** | **आ.व. २०८३/०८४ अनुमानित** |
|---|---|---|---|
| ऋण लगानी | २,३५,२०,००,००० | १,९१,६७,५७,९६८ | २,४८,५०,००,००० |
| बैङ्क तथा बित्तीय संस्थामा मौज्दात | ८२,५०,००,००० | १,३६,६४,३६,९१७ | ६४,३५,००,००० |
| सम्पत्ति सामान | १३,५०,००,००० | २,०१,७१,७०० | १०,६५,००,००० |
| **ख्याति तथा अमूर्त सम्पत्ति** | ५,००,००० | ३,७२,७१७ | ५,५०,००० |
| **वित्तीय लगानी सम्पतिहरू** | २४,१८,३०० | २४,१८,३०० | २७,२४,१८,३०० |
| **चालू कर सम्पत्ति दायित्व** | ३,५०,००,००० | २,९३,३५,६७९ | ३,५०,००,००० |
| **अन्य सम्पत्ति** | ४०,००,००० | १०,४३,३८६ | १०,००,००० |
| **नगद मौज्दात** | ६०,८१,७०० | ६१,७२,८८७ | ६०,३१,७०० |
| **जम्मा** | **३,३६,००,००,०००** | **३,३४,२७,०९,५५३** | **३,५५,००,००,०००** |

आम्दानीतर्फ

| **आम्दानी शीर्षक** | **आ.व. २०८२/०८३ अनुमानित** | **आ.व. २०८२/०८३ असार यथार्थ** | **आ.व. २०८३/०८४ अनुमानित** |
|---|---|---|---|
| ऋण लगानीबाट ब्याज | १७,०५,१२,००० | १६,७५,७४,३२२ | १५,९५,६६,००० |
| बैङ्कबाट ब्याज (तरल, वित्तीय) | २,८१,००,००० | ३,३६,४६,०८३ | २,२७,००,००० |
| अन्य आम्दानी | १,६७,००,००० | २,२९,४१,८४२ | २,०६,५०,००० |
| प्राप्त गर्न बाँकी ब्याज | २५,००,००० | (१८,४१,००२) | २५,००,००० |
| कर्जा सुरक्षण कोष फिर्ता | - | - | - |
| **जम्मा** | २१,७८,१२,००० | २२,२३,२१,२४५ | २०,५४,१६,००० |

खर्चतर्फ

| ब्याज खर्च | आ.व. २०८२/०८३ अनुमानित | आ.व. २०८२/०८३ असार यथार्थ | आ.व. २०८३/०८४ अनुमानित |
|---|---|---|---|
| बचतमा ब्याज | १३,१०,००,००० | १०,३७,२४,०२५ | ७,५७,६०,००० |
| ब्याज खर्च जम्मा | १३,१०,००,००० | १०,३७,२४,०२५ | ७,५७,६०,००० |
| कार्यालय सञ्चालन | | | |
| तलब तथा सुविधा | १,७४,००,००० | १,७१,०४,२६२ | १,९८,००,००० |
| बैठक भत्ता खर्च | १८,००,००० | १३,४७,००० | १३,६०,००० |
| परिवहन खर्च | ७८,००० | ७८,००० | ७८,००० |
| कर्मचारी बीमा सुविधा | ७५,००० | ४३,६६५ | ६०,००० |
| धितो मूल्याङ्कन निरीक्षण खर्च | ५,००,००० | ४,२७,४३० | ६,००,००० |
| कर्मचारी पोशाक खर्च | २,३०,००० | २,०९,५०० | २,३४,००० |
| सञ्चार खर्च | ५,००,००० | ३,०९,७१८ | ५,००,००० |
| खानेपानी महसुल | १,१०,००० | ३७,७८८ | ६०,००० |
| विद्युत् महसुल | ३,००,००० | २,७९,६२२ | ३,००,००० |
| का. सामान मसलन्द | ४,००,००० | ३,६५,७०१ | ५,००,००० |
| का. अन्य सामान | ३,००,००० | २,०६,११४ | ३,००,००० |
| प्रचारप्रसार | ५,१०,००० | ५,०६,०७६ | ६,५०,००० |
| मर्मत सम्भार | ५,००,००० | ४,२१,५११ | ७,००,००० |
| पत्रपत्रिका (पुस्तक) | ५०,००० | ४३,३५५ | ७५,००० |
| छपाइ खर्च | ४,७३,००० | ३,३६,१८० | ६,५०,००० |
| विविध खर्च | २,००,००० | १,८४,४९६ | २,००,००० |
| भैपरी खर्च | ५,००,००० | १,०९,६०० | १,००,००० |
| कर्मचारी नास्ता खाजा खर्च | ७,००,००० | ६,७८,३५७ | ७,००,००० |
| सरसफाइ खर्च | १,००,००० | ३३,४९० | १,००,००० |
| ढुवानी भाडा | १८,००० | ११,७७० | २०,००० |
| कार्यक्रममा सहभागिता | ३,००,००० | १,५९,३७६ | ३,००,००० |
